# पाठ १०

# नयाँ जीवन पाएकाहरूलाई चेला बनाउनु

येशूले बप्तिस्मा दिने यूहन्नालाई "बल्दो र चम्किलो बत्ती" जस्ता भनी वर्णन गर्नु भएको थियो (यूहन्ना ५:३५) । संसारका पाप उठाइलैजाने परमेश्वरका थुमातर्फ उनले मानिसहरूलाई औँल्याएका थिए । उनले विश्वासयोग्यतासाथ आउने न्यायको बारेमा मानिसहरूलाई चेताउनी दिए र पश्चात्तापको बारेमा प्रचार गरे (यूहन्ना १:२९) । उनले मानिसहरूलाई येशूका बारेमा बताए र उहाँको आगमनको निम्ति तिनीहरूलाई तयार पारे । येशूका बारेमा उनले भनेका सबै कुराहरू साँचो थिए (यूहन्ना १०:४१) । सुसमाचार प्रचार काममा हाम्रा लागि उनी कति ठूला उदाहरण छन् !

एउटा बत्ती कति अचम्मको हुन्छ भन्ने बारेमा के तपाईंले कहिल्यै विचार गर्नु भएको छ ? एउटा बत्तीले सयौं बत्तीहरूलाई बाल्नसक्छ ! बलिरहेको यूहन्नाको बत्तीले प्रभुका चेला अन्द्रियासको जीवनलाई बालेको थियो (यूहन्ना १:३५-४०) । अन्द्रियासको बत्तीले उनका भाइ पत्रुसको जीवनलाई बालेको थियो । पेन्तिकोसको दिनमा पत्रुसको बल्दो र चम्किलो बत्तीले ३००० व्यक्तिहरूको जीवनलाई बाल्यो, जसले ख्रीष्टमा विश्वास गरे र उनीहरू मण्डलीमा थपिए । अनि यसरी शताब्दीयौंदेखि यस वर्तमान दिनसम्म यो क्रम जारी छ ।

आत्मा जित्ने बन्नुहोस् र तपाईंका नयाँ विश्वासीहरूलाई चेला बनाउनुहोस् । तपाईंको जीवनको बत्तीले अरूहरू धेरैलाई बाल्न सकोस् ! तिनीहरूका बत्तीहरू अरूहरूकहाँ फैलाउनका लागि तिनीहरूलाई सिकाउनुहोस् । सुसमाचार बाँड्नु, भन्ने यस पाठयपुस्तकमा भएको तपाईंको अन्तिम पाठको चुनौती यही हो ।



## पाठको रूपरेखा

एक नयाँ विश्वासी चेला बन्छन्

नयाँ विश्वासीको निम्ति हेरचाहा

नयाँ विश्वासीलाई तालीम दिनु

प्रत्येकले दुइजना जित्नु !

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले:

- नयाँ विश्वासी के हो भनी वर्णन गर्न सक्नुपर्नेछ।
- नयाँ विश्वासीलाई हेरचाहा गर्ने तरीकाहरूको सूची बनाई आत्मिक रूपमा वृद्धि हुनका लागि उनलाई मद्दत गर्न सक्नुपर्नेछ।
- नयाँ विश्वासीलाई तालीम दिने उपायहरूलाई सुझाव दिई सुसमाचार प्रचार गर्नका लागि उनलाई मद्दत गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठयपुस्तकमा पाठलाई पढ्नुहोस् र अध्ययन र स्वयम्-जाँच प्रश्नहरूका उत्तरहरूलाई लेख्नुहोस्।

२. पाठहरू ७-१० दोहोऱ्याउनुहोस्, तब एकाइ ३ को विद्यार्थी प्रतिवेदन उत्तर पृष्ठलाई पूरा गर्नुहोस् र यसलाई तपाईंका आई सी आई प्रशिक्षककहाँ पठाउनुहोस् ।

३. यस ख्रीष्टियान सेवा कार्यक्रमको अर्को पाठ्यपुस्तकलाई यदि तपाईंले मगाउनु भएको छैन भने त्यसलाई मगाउने विचार गर्नुहोस् ।

### मुख्य शब्दहरू

| | | |
|---|---|---|
| निर्णायक | आदेश | विश्वस्नीय |
| सुत्र | पोषण | |
| अपरिहार्य | पालन | |

---

## पाठ विकास

### एक नयाँ विश्वासी चेला बन्छन्

**उद्देश्य १**. *यदि नयाँ विश्वासीलाई उचित अगुवाइ दिइयो भने उनको जीवनमा हुने वृद्धिको निम्ति कृतज्ञ हुनसक्नुहोस्*

मेनासेको बारेको केही कुराले एक व्यक्तिको ध्यानलाई आकर्षण गर्दथ्यो । सम्भवत: उनले सुसमाचार प्रचार गर्दा आफूलाई पूर्ण रूपमा बिर्सने उनको तरीकाको कारण यसो भएको हुनसक्छ । उनले जसलाई भेटे पनि केही क्षणमा नै उनले आफ्नो सानो इन्डोनेसियन नयाँ करारलाई झिक्थे र तिनीहरूसँग सुसमाचार बाँड्थे ।

उचित लुगाफाटा किन्नका लागि भएको आर्थिक कमीले उनलाई निरुत्साहित पारेन । उनका सुरुवालका खल्तीहरू जहिले पनि सुसमाचारका पर्चाहरूले भरिएका हुन्थे र उनले येशू र उहाँको प्रेमको साक्षी दिएपछि ती व्यक्तिहरूलाई ती पर्चाहरू दिनेगर्थे । अनि उनको व्यवहार यति असल थियो कि उनले कसैलाई पनि चोट पुऱ्याएनन् ।

मेनासेले उनको आफ्नै शहरमा आयोजित सुसमाचारीय सभाको बेला पहिलोपल्ट सुसमाचार सुनेका थिए । भेला भएको समूहले गाएको आनन्दमय गानाले उनलाई आकर्षित गऱ्यो र सुन्नका लागि उनी अडिए । तब जोशिलो

प्रचारले उनको ध्यानलाई समात्यो । सुसमाचारीय सन्देशद्वारा प्रभावित भएका मेनासे त्यो सभा सकिएपछि पनि त्यतैतिर अल्मलिए । पाष्टर र प्रचारकले उनीसँग कुराकानी गरे र उनको हृदय ख्रीष्टलाई ग्रहण गर्नका लागि खुलाभएको उनीहरूले देखे । त्यस रात उनी माथिबाट जन्मे । उनी विश्वासी बने ! उनले मेनासे नाम छाने, जुन चाहिँ मनश्शेको निम्ति इन्डोनेसियन नाम हो, जो योसेफका जेठा छोरा थिए (उत्पत्ति ४१:५१) ।

मेनासेका बाबु एक सराफी र शिक्षक थिए र आफ्नो जीवन परिवर्तनको बारेमा मेनासेले उनलाई बताउँदा उनी रिसाएका थिए । उनकी मुसलमान आमा पनि अति नै बेशुखी भएकी थिइन् । यसले मेनासेका निम्ति कठिनाइ उत्पन्न गऱ्यो जोचाहिँ आमाबाबुको निम्ति भएको आदर र प्रभुको निम्ति भएको प्रेमका बीचमा च्यातिएका थिए । तब उनले पवित्र आत्माको बप्तिस्मा पाए र यसको साथमा आत्माहरूका निम्ति नयाँ प्रेम र आफ्ना मुक्तिदाताका निम्ति खडा हुनसक्ने शक्ति पनि उनले प्राप्त गरे । आफ्नो जीवनमा भएको परिवर्तनको बारेमा अरुहरूलाई साक्षी दिन यहाँबाट उनले शुरूवात् गरे ।

अझै बाइबल तालीम प्राप्त गर्नका लागि पुराना ख्रीष्टियानहरूले मेनासेलाई उत्साह दिए र सहयोग गरे । मेनासेका बाबुले आफ्ना छोरालाई सहयोग गर्न तिरस्कार गरे र यसको अर्थ बाइबल विद्यालयमा बसेर पढ्न सक्नका लागि उनले धेरै मेहनत गरेर काम गर्नुपर्ने भयो ।

सुसमाचार प्रचार गर्ने काम मेनासेका लागि सासफेर्नु जतिकै सामान्य बन्यो । स्वभावैले लाज मान्ने व्यक्ति, मानिसहरूसँग सम्पर्क राख्न सक्ने उनको वरदान देखेर उनलाई चिन्नेहरू छक्क परे । उनले नजीकै रहेका सेनाहरूलाई साक्षी दिए । एकपल्ट समुद्रमा विस्फोटक पदार्थ प्रयोग गरी माछा मार्दा आफ्ना दुवै हात गुमाएका व्यक्तिलाई अस्पतालमा ल्याइएको थियो । उनको अवस्थाको बारेमा सुनेपछि मेनासे उनको आत्मिक आवश्यकताको बारेमा उनलाई बताउन त्यहाँ गए र यी व्यक्तिले धन्यवादसाथ आफ्ना मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गरे ।

ख्रीष्टमसको छुट्टिको बेलामा उनले गहिरो अनुभूति गरे कि सेरामको टापूमा गएर उनले सुसमाचार प्रचार गरेका प्रभुले चाहनुहुन्थ्यो । उनीसँग पैसा थिएन, तर उनले यात्रा शुरू गरे । उनी डुङ्गामा चढ्नुभन्दा पहिले कसैले उनलाई डुङ्गाको

भाडा पुग्नेजति पैसा दिए ! सेराममा उत्रेपछि उनले एउटा सिपाहीलाई भेटे र उनीसँग प्रभुका बारेमा कुराकानी गरे । ती सिपाहीले भने, “मैले काटे-काटेमा भएको बाइबल स्कूलको बारेमा सुनेको छु । यहाँ यो लिनुहोस् त,” भनी उनले मेनासेको हातमा केही पैसा राखिदिए । आफ्ना आर्थिक आवश्यकताहरू जुटाउनुभएकोमा मेनासेले प्रभुलाई प्रशंसा गर्दै हिँडे ।

बाटोमा जाँदाजाँदै उनले एउटा परिवारसँग मित्रता गाँसे जसले उनीहरूसँग बस्नका लागि उनलाई निमन्त्रणा दिए । मेनासेले तिनीहरूलाई बडो ध्यानपूर्वक मुक्तिको मार्ग व्याख्या गरिदिएपछि त्यस सम्पूर्ण परिवारका कमसेकम आठ जना सदस्यहरूले प्रभुलाई ग्रहण गरे ! प्रभुले मेनासेलाई किन सेराममा लैजानुभएको हो भन्ने कुरा अब उनले बुझे ।

उत्साह र तालीमले एउटा नयाँ विश्वासीलाई प्रभुलाई गरेको उनको सेवामा उनी अझै प्रभावकारी बन्न कसरी मद्दत पुग्छ भन्ने कुराको असल उदाहरण मेनासे हुन् । उनले बाइबल स्कूलमा आफ्नो अध्ययनलाई निरन्तरता दिए । दिक्षान्त समारोहमा उनी कक्षाबाट छानिएका वक्ता थिए । उनले एक असल खीष्टियान केटीसँग विवाह गरे, उनी पास्टर बने र इन्डोनेसियाको उनको क्षेत्रमा जिल्लाका अगुवा बने । सुसमाचार प्रचार गर्ने काम उनको निम्ति एक जीवनशैली नै भएको छ, र हाम्रा प्रभुले पनि यसै भएको चाहनुहुन्छ ।

**१** सुसमाचार प्रचार गर्ने काम मेनासेको लागि किन जीवनशैली नै बन्यो आफ्नो अभ्यास पुस्तिकामा व्याख्या गर्नुहोस् ।



## नयाँ विश्वासीको निम्ति हेरचाहा

**उद्देश्य २**. *तपाईंले नयाँ विश्वासीलाई दिन सक्नुहुने व्यावहारिक सहयोगहरू र उत्साहहरूलाई उल्लेख गर्नुहोस् ।*

जीवन परिवर्तन एक शिशुको जन्मजस्तै हो भनी तपाईंका अध्ययनहरूमा तपाईंले सिकिसक्नुभएको छ। एक नयाँ विश्वासी नयाँ जन्म पाएको व्यक्ति हो जो पवित्र आत्माद्वारा माथिबाट जन्मेको हुन्छ (यूहन्ना ३:३-६)।

भर्खरै जन्मेको शिशुको जीवनको पहिलो हप्ता एक निर्णायक समय हो। उसको सानो शरीरले सामान्यरूपमा काम गरिरहेको छ, उसले पोषक तत्व लिन सिकिरहेको छ र वजन प्राप्त गर्न र वृद्धि हुन थालेको छ भन्ने कुरा पक्का गर्नका लागि उसलाई निरन्तररूपमा हेरविचार गरिनुपर्छ। केही शिशुहरू जन्मँदैमा बलिया र स्वस्थ हुन्छन्। तिनीहरूले तुरुन्तै दुःध खान थाल्छन् र बढ्न थाल्छन्। अरूहरूमा समस्याहरू हुनसक्छन् जसलाई विशेष ध्यान दिइनुपर्छ। यी समस्याहरूलाई हटाइएपछि शिशु अरूहरूजस्तै वृद्धि हुनथाल्छ।

त्यागिएको वा कसैको दैलोमा छोडिएको शिशुको अवस्था कति दुःखदायी हुन्छ ! नयाँ विश्वासीलाई बेवास्ता गर्नु पनि त्यत्तिकै पीडाजनक हुनुपर्छ। आत्मिकरूपमा नयाँ जन्मेको शिशुले आत्मिक जीवनमा बलियो पकड प्राप्त नगरुञ्जेल उसलाई प्रेमसाथ मद्दत गर्न उसलाई हेरविचार गरिनु आवश्यक पर्दछ। कोही कोही तुरून्तै आनन्दले भरिनसक्छन्। अरूहरूलाई उनीहरूको मुक्तिको निश्चयता प्राप्त गर्न थप परामर्शको आवश्यकता पर्नसक्दछ। (परिशिष्ट किसिम २ लाई हेर्नुहोस्।) तर परमेश्वरको वचन खान र वृद्धि हुनका लागि तिनीहरू सबैलाई सहयोगको आवश्यकता पर्दछ।

पावलले कोरिन्थका नयाँ विश्वासीहरूलाई लेखेका थिए, "किनकि सुसमाचारद्वारा ख्रीष्ट येशूमा म तिमीहरूका पिता बनें" (१ कोरिन्थी ४:१५)। नयाँ शिशुको आमा बाबुजस्तै, आत्माजित्ने व्यक्तिमा पनि नयाँ विश्वासीले आवश्यक सहयोग पाएको छ वा छैन भनी हेर्ने ठूलो जिम्मेवारीको साथसाथै आनन्द हुन्छ। तपाईंले यसलाई गर्न सक्नुहुने तरीकाहरूलाई अर्को खण्डमा दिइएको छ।

**२** नयाँ विश्वासीलाई किन सहयोगको आवश्यकता पर्छ ?

.......................................................................................................

## नयाँ विश्वासीसँगको सम्पर्कमा रहनुहोस्

उनी कहाँ बस्छन् पत्ता लगाउनुहोस् र उनलाई भेट्नुहोस्। उनका बारेमा तपाईंले अझै सिक्नुहुँदा – उनले के गर्छन्, उनको परिवारका सदस्यहरू को को

हुन्, उनको पृष्ठभूमि कस्तो छ – उनलाई कसरी मद्दत गर्ने वा उनको निम्ति कसरी सहयोग जुटाउने भन्ने बारेमा तपाईंले अझै राम्रोसँग बुझ्न सक्नुहुनेछ ।

प्रेरित पावल ख्रीष्टमा नयाँ विश्वासी हुँदा हननिया आएर उनलाई भेटेका र उनलाई उत्साह दिएका कुरा उनले कहिल्यै बिर्सेनन् (प्रेरित २२:१२-१६ हेर्नुहोस्) । पावलले पनि उनका नयाँ विश्वासीहरूलाई निरन्तर भेट्ने काम गरेका थिए । उनको पहिलो मिशनेरी यात्रा अवधिमा पावल र बारनाबास उनीहरू पहिले गएका शहरहरूमा फर्केर फेरि गए र "चेलाहरूका आत्मालाई सुदृढ गराउँदै उनीहरूलाई विश्वासमा रहिरने अर्ती दिए" (प्रेरित १४:२२) । दोस्रो मिशनेरी यात्रा नयाँ विश्वासीहरूलाई भेट्ने इच्छाद्वारा अभिप्रेरित भएको थियो, किनकि उनले भनेका छन् "आऊ, जुन-जुन शहरमा प्रभुको वचन हामीले प्रचार गरेका थियौं ती शहरहरूमा फर्केर गई भाइहरूलाई भेट गरौं र तिनीहरू के-कस्ता छन् हेरौं" (प्रेरित १५:३६) ।

कुनै-कुनै अवस्थाहरूमा, जहाँ ख्रीष्टियान विश्वासप्रति कडा विरोध रहेको हुन्छ, नयाँ विश्वासीको घरमा उसलाई भेट्न जानु सम्भव वा बुद्धिमानी नहुनसक्छ । यस्तो अवस्थामा तपाईंले नयाँ विश्वासीलाई तपाईंको आफ्नै घरमा वा साथीको घरमा बोलाई सम्पर्क कायम राख्न सक्नुहुन्छ ।

आफू झ्यालखानमा परेको अवधिमा पावलले उनका नयाँ विश्वासीहरूलाई व्यक्तिगतरूपमा भेट्न नसक्दा, आफ्नो ठाउँमा उनले विश्वासयोग्य व्यक्तिलाई पठाएका थिए । फिलिप्पीमा भएका नयाँ विश्वासीहरूकहाँ पावलले आफ्नो सट्टामा जवान तिमोथीलाई पठाएका थिए जसले तिनीहरूका निम्ति आफ्ना भावनाहरू बाँडेका थिए र तिनीहरूलाई साँच्चै नै वास्ता गरेका थिए । (फिलिप्पी २:१९-२० हेर्नुहोस ।)

तपाईं पत्राचारद्वारा र प्रार्थनाद्वारा पनि सम्पर्कमा रहनसक्नुहुन्छ । पावलले आफ्ना नयाँ विश्वासीहरूलाई पत्र लेखेर र तिनीहरूका निम्ति प्रार्थना गरेर उत्साह दिएका थिए । उनी र सिलासले युरोपमा शुरू गरेका पहिलो मण्डली, फिलिप्पीका नयाँ विश्वासीहरूलाई उनले लेखेका थिए:

> तिमीहरूप्रतिका मेरा सबै सम्झनामा म मेरा परमेश्वरलाई धन्यवाद दिन्छु । तिमीहरू सबैका लागि सधैं मेरो प्रत्येक प्रार्थनामा म आनन्दसाथ

> प्रार्थना गर्दछु, कि प्रथम दिनदेखि अहिलेसम्म सुसमाचारमा तिमीहरूका सहभागिताको निम्ति म धन्यवादी छु। मलाई यो दृढ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम शुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ। ... म तिमीहरू सबैलाई मेरो हृदयमा राख्दछु ! (फिलिप्पी १:३-७)।

माकेडोनियाको राजधानी, थेसलोनिकामा भएका नयाँ विश्वासीहरूलाई पावलले लेखेका थिए :

> सबै आनन्द जो तिमीहरूका खातिर परमेश्वरमा हामी अनुभव गर्छौं त्यसको निम्ति र तिमीहरूका लागि हामी परमेश्वरलाई के धन्यवाद दिन सक्छौं र ? तिमीहरूलाई आमनेसामने भेटेर तिमीहरूका विश्वासको कमी पूरा गर्ने हेतुले हामी दिनरात जोशको साथ प्रार्थना गर्छौं (१ थेसलोनिकी ३:९-१०)।

प्रेरित पावलको सेवाको ठूलो सामर्थ्य नै विश्वासीहरूका निम्ति भएको उनको अटुट् प्रार्थना नै हो। नयाँ विश्वासीहरूसँग जमघटमा भेला भएर तपाईं पावलको उदाहरणलाई पछ्याउन सक्नुहुन्छ। प्रार्थना सभाहरू र बाइबल अध्ययनहरूमा उनी हरू ख्रीष्टियानहरूसँग परिचित हुनसक्छन्। टेलिफोनद्वारा पनि तपाईंले उनीसँग सम्पर्क कायम राख्न सक्नुहुन्छ।

**३**. यदि तपाईंले नयाँ विश्वासीलाई व्यक्तिगत रूपमा भेट्न सक्नुभएन भने पनि उनीसँग सम्पर्क राख्ने चारवटा तरीकाहरूलाई उल्लेख गर्नुहोस्।

.................................................................................................

**४**. पावल ख्रीष्टमा आएपछि कसले उनलाई मद्दत गरेका थिए ?

.................................................................................................

## अनुग्रहमा बढ्नका लागि उनलाई मद्दत गर्नुहोस्

अनुग्रहमा बढ्नका लागि नयाँ विश्वासीहरूलाई आवश्यक पर्ने कुराहरू तुरून्तै शुरू गर्नका लागि तपाईंले उनलाई सहयोग गर्नैपर्छ। उनले विकास गर्नुपर्ने तीन आवश्यकीय आदतहरूका बारेमा हामी कुराकानी गर्नेछौं।

पहिलोचाहिँ *दैनिक प्रार्थना*को आदत हो । प्रार्थनाचाहिँ प्रभुसँगको संवाद हो – उहाँलाई आराधना गर्नु, उहाँलाई प्रेम गर्नु, र उहाँसँग कुराकानी गर्नु । प्रार्थना गर्नका लागि हरेक दिन केही समय छुट्याएर प्रार्थनाको जीवन शुरू गर्नका लागि नयाँ विश्वासीलाई उत्साह दिनुहोस् । सम्भव भएसम्म, नयाँ विश्वासीसँग प्रार्थना र आराधनाको समयमा तपाईं आफै उदाहरण हुनुहोस् । तपाईंको आफ्नो नियमित प्रार्थनाको समयमा उनको निम्ति प्रार्थना गर्नुहोस् ।

दोस्रोचाहिँ परमेश्वरको वचनको दैनिक पढाइ र अध्ययन हो । हरेक दिन परमेश्वरको वचन पढ्ने समय छुटयाउनका लागि तपाईंका नयाँ विश्वासीलाई मद्दत गर्नुहोस् । उनले मर्कूसको सुसमाचार र त्यसपछि यूहन्नाको सुसमाचार पढेर शुरु गर्न सक्छन् । घरेलु बाइबल अध्ययन समूहमा कुनै एउटा आई सी आई पाठयपुस्तकबाट शुरु गर्नका लागि पनि तपाईं उनलाई उत्साह दिनसक्नुहुन्छ । तपाईंको नयाँ जीवन भनिने आई सी आईको पुस्तक नयाँ विश्वासीको निम्ति अति उपयोगी पाठ्यपुस्तक हो ।

यसको साथसाथै, पवित्र आत्माको भरपूरिको खोजी गर्न र प्राप्त गर्न नयाँ विश्वासीलाई उत्साह दिनुहोस् । पवित्र आत्माको वरदानको सम्बन्धमा परमेश्वरको प्रतिज्ञा हरेक विश्वासीका निम्ति हो (प्रेरित २:३९) । पवित्र आत्माको बप्तिस्मा आत्मिक पूर्णताको जीवनतर्फको मुख्य ढोका हो । यसले प्रार्थना र बाइबल अध्ययनलाई कर्तव्यपालनभन्दा पनि धेरै बनाउँछ - यो एक सिद्धि र आनन्द बन्छ ! एक विश्वासीमाथि पवित्र आत्मा शक्तिमा आउनुहुँदा अनुग्रहमा वृद्धि हुनका लागि उसलाई सहयोग पुग्छ (यूहन्ना १४:१७; लूका २४:४९) ।

नयाँ विश्वासीहरू र लामो समयदेखिका खीष्टियानहरूका लागि पनि तेस्रो असल आदतचाहिँ नियमित रूपमा मण्डली सेवाहरूमा हाजिर हुनु हो । आराधना गर्न र प्रचार गरिएको वचन सुन्नको निम्ति प्रभु येशूको नाउँमा एक अर्कासँग एकसाथ जम्मा हुनाले एक व्यक्तिको आत्मिक जीवनमा बल पुगेको हुन्छ । अनि, अरू विश्वासीहरूसँगको संगतिले वृद्धि प्रक्रियामा मद्दत पुऱ्याउँछ ।

> हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं । कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजीक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ (हिब्रू १०:२४-२५) ।

**मण्डलीमा नियमितरूपमा हाजिर हुनुहोस्**

**दिनहुँ वचन पढ्नुहोस्**

**दिनहुँ प्रार्थना गर्नुहोस्**

**अनुग्रहमा वृद्धिहुने कदमहरू**

**५** नयाँ विश्‍वासीहरूलाई कुन तीन आवश्यकीय आदतहरू विकास गर्नका लागि तपाईं उत्साह दिनुहुन्छ ?

..........................................................................................

..........................................................................................

**६** आफूले उद्धार पाइसकेको अनुभूति नगरेको कुरा तपाईंलाई बताउने नयाँ विश्‍वासीलाई तपाईं कसरी परामर्श दिनुहुन्छ ? बाइबल पदहरूसहित तपाईंको उत्तरलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

**७** *औंला टुप्पो बाइबल खण्ड*

*शीर्षक:* **पुत्रमा जीवन** *बाइबल खण्ड* **१ यूहन्ना ५:११–१२**

*बाइबल पद:* **गवाहीचाहिँ यही हो, कि परमेश्‍वरले हामीलाई अनन्त जीवन दिनुभयो, र त्यो जीवन उहाँका पुत्रमा छन । जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्‍वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन ।**

## नयाँ विश्‍वासीलाई तालीम दिनु

**उद्देश्य ३.** *नयाँ विश्‍वासीलाई मद्दत गर्न र तालीम दिन सकिने तरीकाहरूलाई पहिचान गर्नुहोस् ।*

## उनलाई चेला बनाउनुहोस्

हामीले संसारका सारा मानिसहरूकहाँ सुसमाचार लैजानैपर्छ र येशू ख्रीष्टमा राखिएको विश्‍वासद्वारा तिनीहरूलाई मुक्तिको अनुभवमा डोऱ्याउनुपर्छ । हामीले

तिनीहरूलाई मण्डलीको संगतिमा पनि अगुवाइ गर्नैपर्छ र जिम्मेवारपूर्ण र फलवन्त चेलाहरू बन्नका लागि तिनीहरूलाई तालीम दिनैपर्छ। चेलाहरू बाइबलीय सत्यताका सिकारूहरू र प्रभु येशू ख्रीष्टका अनुयायीहरू हुन्।

**प्रभुमा मानिसहरूलाई जित्नु** → **"तिनीहरूलाई मेरा चेलाहरू बनाओ" –येशू**

**सुसमाचार प्रचार गर्नु** | **हुर्काउनु**

**सम्पूर्ण लक्ष्य**

सुसमाचार बाँड्नु वा मानिसहरूलाई ख्रीष्टमा जित्नु मात्र पर्याप्त छैन। सुसमाचार प्रचारले नयाँ विश्वासीहरूलाई हुर्काउने वा चेला बनाउने काममा अगुवाइ गर्नैपर्छ। तिनीहरूलाई तालीम दिइनैपर्छ। जवान ख्रीष्टियानहरूका निम्ति सञ्चालित तालीम कक्षाहरूमा नयाँ विश्वासीहरूलाई निमन्त्रणा गर्नुहोस्। सम्भवतः तपाईंको मण्डलीमा बाल संगति समयमा वा अरु कुनै समयमा यसको निम्ति विशेष कक्षा सञ्चालन भएको हुनसक्छ। यदि यस्तो छैन भने, केही कुराको बन्दोबस्त गर्न सकिन्छ कि भनी आफ्ना पास्टरलाई सोध्नुहोस्।

यस कक्षामा नयाँ विश्वासीहरूलाई ख्रीष्टियान विश्वासका मुख्य सिद्धान्तहरूको परिचय गराउन सकिन्छ। आई सी आई ख्रीष्टियान जीवन कार्यक्रम अन्तरगतको, हामी विश्वास गर्छौं भन्ने पुस्तक यसको निम्ति असल हुनसक्छ। अन्य आई सी आई पुस्तकहरूलाई पनि अध्ययन गर्न सकिन्छ, र ख्रीष्टियान जीवन कसरी जिउन सकिन्छ जस्ता विषयमा भएका छलफलहरू हरेकको निम्ति उपयोगी हुन्छ। तपाईं र नयाँ विश्वासीहरूले यी पाठ्यपुस्तकहरूलाई एकसाथ अध्ययन गर्नुहुँदा, जहिकहीं प्रभुको काममा उपयोगी हुने आत्मिक ज्ञान तपाईंले प्राप्त गर्नुहुनेछ।

थप कार्यक्रम पानीमा बप्तिस्मा लिने कदमको निम्ति नयाँ विश्वासीहरूको तयारी हो। बप्तिस्मा भनेको मुक्तिदाताका रूपमा प्रभुलाई सबैका सामु स्वीकार गर्ने कार्य हो भनी उनीहरूले बुझ्नु आवश्यक छ। यसले तिनीहरूको अनुभवलाई अर्थपूर्ण बनाउनेछ। यस उद्देश्यको निम्ति विशेष कक्षाहरूलाई सञ्चालन गर्न सकिन्छ।

स्थानीय मण्डलीका सदस्यहरू बन्नका लागि नयाँ विश्वासीहरूलाई तयारी पार्ने कक्षा पनि महत्वपूर्ण हुन्छ। यस्तो कक्षामा तिनीहरूले मण्डली के हो ? यसका क्रियाकलापहरूमा तिनीहरूले कसरी भाग लिनसक्छन् भन्ने कुरा सिक्नेछन्। ग्लोबल युनिभर्सिटी ख्रीष्टियान जीवन कार्यक्रम अन्तरगतको मण्डलीहरूले के गर्छन् भन्ने पुस्तकलाई यस्तो कक्षामा प्रभावकारी रूपले प्रयोग गर्न सकिन्छ।




## कसरी सुसमाचार प्रचार गर्ने हो सो उनलाई देखाउनुहोस्

तुरुन्तै सुसमाचार बाँड्नका लागि एक नयाँ विश्वासीलाई चुनौती दिनुहोस्। उनको निम्ति ख्रीष्टले के गर्नु भयो भनी अरूहरूलाई बताएर उनले शुरू गर्न सक्छन्, र तपाईंले यस पुस्तकमा सिक्नुभएको कुराद्वारा तपाईंले उनलाई सहयोग गर्न सक्नुहुन्छ। उनको ख्रीष्टियान जीवनको शुरुमा नै आत्मा जित्ने कला विकास गरेर उनले आफैमाथि र अरुहरूमाथि आशिष ल्याउनेछन्। आफूले प्राप्त गरेको परमेश्वरको महान् अनुग्रहलाई उनले दिन सिक्दा, धेरै अनुग्रह व्यक्तिगतरूपमा उनीकहाँ आउनेछ। येशूले भन्नुभयो, "देओ, र तिमीहरूलाई पनि दिइनेछ ... । जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ" (लूका ६:३८)।

नयाँ विश्वासीलाई उनको आफ्नै घरमा र उनी बसेका ठाउँ वरिपरि सुसमाचार सुनाउन थाल्न उत्साह दिनुहोस्। दुष्ट आत्माहरूद्वारा ग्रसित भएको एक मानिसको बारेमा हामी मर्कूस ५:१-२० मा पढ्छौं। येशू आउनुभई उनलाई अचम्म किसिमले छुटकारा दिनुहुँदा उनले दु:खदायी जीवन जिइरहेका थिए। उनले छुटकारा पाएपछि येशूसँगै उहाँका यात्राहरू र सेवामा जानका लागि यी मानिसले येशूसँग बिन्ती गरे। यसको सट्टामा, प्रभुले उनलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा

मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ ।"

ती मानिसले आज्ञा पालन गरे । मर्कूसले यसरी रेकर्ड गरेका छन् कि त्यसपछि, "त्यो मानिस हिँडिहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनु भएको थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो र सबै मानिसहरूले अचम्म माने ।" यी मानिसले आफ्नो ठाउँको वरिपरि सुसमाचार प्रचार गरे जहाँका मानिसहरूलाई उनको पहिलेको जीवनको बारेमा थाहा थियो (मर्कूस ५:१-२०) । यो असल उदाहरणलाई नयाँ विश्वासीले पछ्याउन सक्छन् । प्रभुले उनलाई जुन ठाउँमा राख्नुभएको छ त्यही ठाउँमा सुसमाचार प्रचार गर्नका लागि उनलाई सिकाउनुहोस् । उनका मित्रहरू र उनका सहकर्मीहरू सबैले उनीद्वारा सुसमाचार सुन्नु आवश्यक छ !

उनका आफ्नै परिवारका सदस्यहरूलाई प्रभुमा जित्नका लागि नयाँ विश्वासीलाई आग्रह गर्नुहोस् । यसको निम्ति प्रेरित १६:३१ मा भएको प्रतिज्ञालाई दावी गर्न सकिन्छ । न्यायको जलप्रलयबाट बच्नका लागि नोआ, उनकी पत्नी, तिनीहरूका तीनजना छोराहरू र तिनीहरूका पत्नीहरू सबै जहाजभित्र गए । त्यो ठूलो जहाज नोआको सम्पूर्ण परिवारको निम्ति परमेश्वरको प्रबन्ध थियो, र परमेश्वर अझै परिवारहरूमा चासो राख्नुहुन्छ । एक व्यक्तिका नातेदारहरूसँगका सम्पर्कहरूद्वारा नै प्रायः जसो सुसमाचार फैलिन्छ ।

सुसमाचार प्रचार गर्ने अर्को प्रभावकारी तरीका नयाँ विश्वासीसँग टोली बनाउनु हो । एक परिपक्व ख्रीष्टियान र नयाँ विश्वासी सुसमाचार प्रचार भेटघाटमा जाँदा विशेष फायदा हुन्छ, किनकि तिनीहरूले केही सम्पर्कमा भएका अख्रीष्टियानहरूसँग भेटघाट गर्न सक्छन् । परिपक्व विश्वासी बाइबल र ख्रीष्टियान जीवनसँग परिचित भएका हुन्छन्; अनि नयाँ विश्वासीको चाहिँ सम्भवतः अख्रीष्टियानहरूसँग धेरै सम्पर्क र सम्बन्ध हुनसक्छ । हराएकाहरूकहाँ पुग्नका लागि तिनीहरूले आफ्ना बलहरूलाई एकसाथ प्रयोग गर्न सक्छन् ।

पेशेवार अगुवा बन्नका लागि उनलाई मद्दत गर्नुहोस् जताततै मण्डलीको ठूलो आवश्यकता धेरै पेशेवार अगुवाहरूलाई तालीम दिनु हो । पाठ ३ मा तपाईंले दुइ किसिमका कामदारहरूका बारेमा अध्ययन गर्नुभयो । एउटाले चाहिँ मुख्यत आन्तरिक मण्डली क्रियाकलापहरूलाई मद्दत गर्छ र अर्कोले चाहिँ बाहिर गएर



अखीष्टियानहरूलाई सुसमाचार प्रचार गर्ने कोशिश गर्छ। सारा संसारभरि नै खीष्टियान काममा दुवैको आवश्यकता पर्दछ।

तपाईंले कुनै व्यक्तिलाई खीष्टकहाँ जित्नुहुँदा सर्वप्रथम तपाईंले उनलाई परमेश्वरको वचन सिकाइनु आवश्यक पर्ने नयाँ विश्वासीको रूपमा विचार गर्नुपर्दछ। त्यसपछि तपाईंले उनलाई मण्डलीमा काम गर्ने सेवकका रूपमा विचार गर्नुपर्दछ। तपाईंले झैं प्रभुको निम्ति काम गर्न उनी खुशी हुनेछन्। यसकारण नयाँ विश्वासीहरूलाई कक्षाहरूमा भर्ना हुनका लागि उत्साह दिनु अति असल विचार हो। बाइबल र खीष्टियान काममा तालीम प्राप्त गर्नका लागि आई सी आई पाठ्यपुस्तकहरू उपलब्ध छन्। यी पाठ्यपुस्तकहरूलाई व्यक्तिगत अध्ययनमा वा अरूहरूसँगका कक्षामा अध्ययन गर्न सकिनेछ।

नयाँ विश्वासी र तपाईं आफैलाई तालीममा संलग्न गराउँदा, तपाईंको स्थानीय मण्डलीका मुख्य व्यक्ति तपाईंका पास्टर हुनुहुन्छ भनी तपाईंले याद गर्नैपर्छ। पास्टर र उनका सहयोगीहरूको एक अति महत्वपूर्ण भूमिका "सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्" भन्ने हो (एफिसी ४:१२)। यद्यपि, पास्टरले नै सबै काम गर्न सक्दैनन् र सबै काम गर्ने कोशिश पनि गर्न चाहँदैनन्। वृद्धि भइरहेको मण्डलीलाई तालीमप्राप्त धेरै पेशेवार सेवकहरूको आवश्यकता पर्दछ जसले निरन्तर भइरहेको सुसमाचार प्रचार कार्य र नयाँ विश्वासीहरूलाई हुर्काउने कार्यमा आफ्ना शक्ति र क्षमताहरूलाई प्रयोग गर्न सक्दछन्। स्वयम् सेवक, अर्थात् पारिश्रमिक नलिने पेशेवार सेवकहरू मण्डलीका हरेक विभागमा बहुमूल्य र अपरिहार्य हुन्छन् जसले प्रार्थना र बाइबल अध्ययन समूहहरूलाई पनि अगुवाइ गर्न सक्छन्।

**८**. नयाँ विश्वासीलाई तालीम दिनमा सहयोगपूर्ण हुने प्रत्येक सुझावको पछाडि हो लेख्नुहोस् ।

क) नयाँ विश्वासीको निम्ति सञ्चालित कक्षामा भर्ना हुनका लागि उनलाई उत्साह दिनु । ..................

ख) सिकाउनका लागि उनलाई बालसंगति कक्षा दिनु ..................

ग) भेटघाट गर्ने टोलीको सदस्यको रूपमा उनलाई तपाईंसँग लैजानु ।

..................

घ) पानीमा बप्तिस्मा लिने बारेमा उनलाई बताउनु । ..................

ङ) सुसमाचार प्रचारको सम्बन्धमा भएको पाठ्यपुस्तक पूरा नगरुञ्जेल उनले साक्षी दिनु हुँदैन भनी सुझाव दिनु । ..................

**९**. वाक्यलाई ठीक किसिमले पुरा गर्ने प्रत्येक बयानको अगाडीको अक्षरमा घेरा लगाउनुहोस् । एक नयाँ विश्वासीलाई के गर्नका लागि उत्साह दिइनै पर्छ ?

क. उनका आफ्नै परिवार र मित्रहरुलाई साक्षी दिन ।

ख. प्रभुको निम्ति अझै काम गर्ने प्रतीक्षा गर्न ।

ग. सिद्ध मण्डली नभेटाउञ्जेल कुनै पनि मण्डलीमा नजान ।

घ. स्थानीय मण्डलीसँग काम गर्न ।

## प्रत्येकले दुईजना जित्नु

**उद्देश्य ४**. *प्रत्येक विश्वासीले कमसेकम दुई व्यक्तिहरूलाई किन प्रभुमा जित्नुपर्छ भन्ने कारणहरूलाई पहिचान गर्नुहोस् ।*

प्राचीन चिनीया सम्राटहरूले स्वर्गबाटको आदेशद्वारा आफूले शासन गरेका दावी गर्थे । बाइबलले स्वर्गबाटका दुई वास्तविक आदेशहरूका बारेमा हामीलाई बताएको छ । जनसंख्या आदेश सृष्टिको समयमा मानवजातिलाई दिईएको थियो । पृथ्वीका स्रोतहरूअनुसार पृथ्वीमा जनसंख्या हुनुपर्छ भन्ने परमेश्वरको उद्देश्य थियो । पृथ्वीमाथिको आफ्नो अधीनतामा मानिसहरूले बुद्धिको अभ्यास गर्नैपर्छ किनकि यसका स्रोतहरू असीमित छैनन् । मानिसहरू र तिनीहरूका सरकारहरूले पृथ्वीमा उचित कारिन्दापन कायम गरेका परमेश्वरले प्रतीक्षा गर्नुहुन्छ ।

नयाँजन्म पाएका विश्वासीहरूलाई येशू स्वयम्‌बाट प्राप्त थप आदेश दिईएको छ। यो सुसमाचार प्रचार गर्ने आदेश वा महान आज्ञा हो। पाठ १ मा महान् आज्ञाका बारेमा तपाईंले सिक्नुभएका कुराहरूलाई समीक्षा गर्नुहोस्। यो निराशजनक तथ्य हो कि धेरै खीष्टियानहरूले यस महान् आदेशलाई कहिल्यै पूर्णरुपमा पालन गरेका छैनन्।

यस आज्ञाको पालनाको निम्ति येशू खीष्टले मण्डलीलाई जिम्मेवार ठहऱ्याउनुहुन्छ। हामी विश्वासीहरू र मण्डलीका अगुवाहरूका हैसियतले सुसमाचार प्रचार गर्ने यस आदेशका सम्बन्धमा हाम्रा समय, क्षमताहरू, रुपियाँपैसाहरू र अन्य स्रोतहरूका कारिन्दाहरू हुनुपर्छ। हाम्रो पुस्ताकहाँ सुसमाचार लिएर पुग्ने जिम्मेवारी हामीसँग छ। विश्वासीहरू र अगुवाहरूका निम्ति एकमात्र उपाय पवित्र आत्माले भन्नु भएअनुसार गर्नु र निरन्तर भइरहने सुसमाचार प्रचार र मण्डली स्थापनामा संलग्न हुनु हो।

**१०.** सुसमाचार प्रचार आदेशको अर्को नाम के हो ?

..................................................................................................................




**निरन्तर भइरहने सुसमाचार प्रचार**

के महान् आज्ञा पूरा गर्नका लागि वास्तवमा सम्भव छ त ? हो यो सम्भव छ ? यदि प्रत्येक विश्वासीले आफ्नो जीवनकालमा दुइजना व्यक्तिहरूलाई प्रभुमा जिते भने, र यदि प्रत्येक भावी विश्वासीले अरू दुई जनालाई प्रभुमा जिते भने सुसमाचार प्रचार गर्ने यो आदेशलाई पूरा गर्न सम्भव छ।

"प्रत्येक विश्वासीको निम्ति दुइ जना नयाँ विश्वासीहरू भनी तपाईं किन सुझाव दिनुहुन्छ ?" भनेर तपाईंले मलाई सोध्नुहोला ।

हाम्रो उत्तर यस्तो छ : यदि प्रत्यक विश्वासीले आफ्नो जीवनकाल अवधिमा अर्को एकजना अविश्वासीलाई मात्र जित्यो भने जितिएका नयाँ विश्वासीहरूको कुलसंख्या सामान्य जोड मात्र हुन्छ । यदि तपाईंले क लाई जित्नुभयो र क ले ख लाई जित्यो, ख ले ग लाई जित्यो र ग ले घ लाई जित्यो भने, चार कदमहरूमा खीष्टमा जितिएका नयाँ विश्वासीहरू तपाईं बाहेक चारजना मात्र हुन्छन् ।

तपाईं + क + ख + ग + घ = जितिएका ४ जना

हरेकले हरेकलाई जित्नु

यदि तपाईं र प्रत्येक नयाँ विश्वासीले दुइजना अरूहरूलाई जित्नुभयो भने, आत्मा जित्ने प्त्येक कदममा नयाँ विश्वासीहरू संख्यामा दोब्बर हुन्छन् । चार कदमहरूमा चारजना मात्र होइन, तर तीस जना जितिनेछन् !

**तपाईं**



**= ३0 जितिएका**

**प्रत्येकले दुइजना जित्नु**

खीष्टको निम्ति धेरैलाई जित्न सकिने ठूलो सम्भावनालाई तपाईंले रेखाचित्रमा देख्न सक्नुहुन्छ ।

दुई जनालाई जित्ने र तालीम दिने काम सबै जनाको पहुँचभित्रको संख्या हो । यदि प्रत्येक नयाँ विश्वासीले, अनवरत ढङ्गमा कमसेकम दुई नयाँ

विश्वासीहरूलाई जित्यो भने आत्माजिताइको ४० चरणहरूभन्दा घटिमा तपाईंको जीवनकालमा ४ अरबभन्दा बढी मानिसहरूलाई जित्न सकिन्छ । महान् आज्ञालाई पूरा गर्न यसका शर्तहरूप्रतिको आज्ञाकारिता र पवित्र आत्माको शक्तिद्वारा सम्भव छ ।

कार्य महान् छ । २१० भन्दा बढी देशहरू र ४००० भन्दा बढी जातजाति भएको हाम्रो संसार विचित्रको छ । र पनि परमेश्वरको वचनको सत्यता सबै मानिसहरूकहाँ लागु हुन्छ । जताततै भएका प्रत्येक व्यक्तिको आवश्यकता पूरा गर्न सक्ने विश्वव्यापी सुसमाचार हामीले बाँडीरहेका छौं ।

पवित्र आत्माले प्रत्येक व्यक्तिको हृदयलाई बुझ्नुहुन्छ । सुसमाचारको निरन्तरीय घोषणामा तपाईं र तपाईंले जित्नुभएका व्यक्तिहरूलाई उहाँले प्रयोग गर्न चाहनुहुन्छ । तपाईंले वचनलाई दिनुभएपछि उहाँले यसलाई पक्का तुल्याउनुहुनेछ ।

> ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे । प्रभुले तिनीहरूका साथमा काम गर्दैरहनुभयो र चिन्हहरूद्वारा वचनलाई सुदृढ पार्नुभयो (मर्कूस १६:२०) ।

> तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला ? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का साबित गरियो । परमेश्वरले पनि चिन्हहरू, अचम्मका कामहरू, विभिन्न आश्चर्यकर्महरू र उहाँको आफ्नो इच्छाबमोजिम बाँडिएका पवित्र आत्माका वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो (हिब्रू २:३-४) ।

**११**. यदि मैले जीवनकालमा एउटा आतमा जितेँ भने, मैले मण्डलीमा अर्को व्यक्तिलाई मेरो ठाउँमा राखेको हुन्छु । यदि मैले दुइवटा आत्माहरू जितें भने, मैले आफूलाई ............................................................ बनाउँछु ।

**१२**. “प्रत्येकले दुइजना जित्नु” भनी यस पाठमा वर्णन गरिएको वाक्यांशले सुसमाचार प्रचारको कुनचाहिँ पक्षलाई सम्बोधन गरेको छ ?

क. वृद्धि
ख. पूर्ता
ग. निरन्तरता

## स्वयम्-जाँच

१. बाइबलले बप्तिस्मा दिने यूहन्नालाई चम्किलो र बल्दो ......................
.................................................... का रूपमा वर्णन गरेको छ ।

२. पावलले कोरिन्थका नयाँ विश्वासीहरूलाई भनेका थिए कि उनी तिनीहरूका
........................................................................ भएका छन् ।

३. वाक्यको ठीक पूर्णताको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । तपाईले एक व्यक्तिलाई ख्रीष्टमा डोऱ्याउनुभएपछि तपाईंले

क. आफ्नो ख्रीष्टियान जिमेवारीलाई पूरा गर्नुभएको छ ।
ख. आशा गर्नुपर्छ कि उनले कतै असल मण्डली भेट्टाउन सकुन् ।
ग. उनी ख्रीष्टमा निरन्तर वृद्धि भएका देख्नलाई केही कदमहरू अपनाउनुपर्छ ।
घ. केही असल ख्रीष्टियान पुस्तकहरू भेट्टाएर पढ्नू भनी उनलाई बताउनुपर्छ ।

४. नयाँ विश्वासी अनुग्रहमा बढ्नका लागि कुन तीन आदतहरूले मद्दत पुऱ्याउनेछन् ? ...........................................................................

६. येशूले "सुसमाचार प्रचार गर्ने आदेश" दिनुभयो । सामान्यतः यसलाई के भनिन्छ ? ...............................................................................

७. प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्

क. मण्डलीमा आफ्नो सट्टामा अर्कोलाई राख्न सक्नाका लागि प्रत्येक विश्वासीले एउटा आत्मालाई जित्ने लक्ष्य लिनुपर्छ ।
ख. हराएकाहरूलाई ख्रीष्टका निम्ति जित्न नयाँ विश्वासीहरू र परिपक्व विश्वासीहरूले एकसाथ काम गर्न सक्छन् ।
ग. मूलत मण्डलीभित्रकाम गर्ने र निश्चितरूपमा सुसमाचारीय सेवा गर्ने दुवै किसिमका व्यक्तिहरूको मण्डलीलाई आवश्यकता छ ।
घ. सबै विश्वासीहरूले आफूलाई परमेश्वरलेदिनुभएका समय, क्षमताहरू, रूपियाँ-पैसाहरू र अरू स्रोतहरूका कारिन्दाहरूका रूपमा विचार गर्नुपर्दछ ।

८. हराएकाहरूलाई जितेर तिनीहरूलाई सिकाउने र यसरी तिनीहरूले अरूहरूलाई जित्नसक्छन् र हामी पनि यसमा संलग्न हुनसक्छौं जसलाई ... सुसमाचार प्रचार भनिन्छ ।

९. तपाईंले सिक्नुभएको औंलाटुप्पो बाइबल खण्डलाई तपाईंको स्मरणबाट आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् वा उद्धरण गरेर कसैलाई सुनाउनुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई समावेश गर्नुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

१. उनी जहाँ जाँदा पनि साक्षी बने र आफ्नो जीवनमा प्रभुको मार्गदर्शनलाई पछ्याए ।

७. आफ्नो कार्डलाई नहेरिकन नै तपाईंले औंलाटुप्पो खण्ड, १ यूहन्ना ५:११-१२ का तीनवटा नै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

२. तपाईंको उत्तर । उनको नयाँ आत्मिक जीवनमा वृद्धि हुनका लागि उनलाई उत्साह र सहयोगको आवश्यकता छ भन्ने कुरा मैले ठानेको छु ।

८. क. हो ।
 ख. हो ।
 ग. हो ।

३. प्रार्थना, पत्राचार, टेलिफोन, सभाहरूमा एकसाथ भेला, र तपाईंको ठाउँमा विश्वासयोग्य व्यक्तिलाई पठाउनु ।

९. क) उनका आफ्नै परिवार र मित्रहरूलाई साक्षी दिन ।
 ख) प्रभुको निम्ति अझै काम गर्ने प्रतीक्षा गर्न ।
 घ) स्थानीय मण्डलसँग काम गर्न ।

४. हनिनिया (प्रेरित २२:१२-१६) ।

१० महान् आज्ञा ।

५ दैनिक प्रार्थना, परमेश्वरको वचनको दैनिक पढाइ (र अध्ययन), नियमित मण्डलीमा हाजिर ।

११ दोब्बर ।

६ तपाईंको उत्तर । परिशिष्टमा किसिम २ ले सहयोगपूर्ण बाइबल पदहरूको सूची दिएको छ (यूहन्ना ५:२४; १ यूहन्ना ५:१-१३, र अरु पदहरू) ।

१२ ग) निरन्तरता ।